११३११६८३

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. ६१७/२०७२/०७३

निर्णय नं. ७४३

रौतहट जिल्ला पचरुखी गा.वि.स.वडा नं. ८ हाल गौर न.पा. वडा नं.४ बस्ने वर्ष ४४ शैलेन्द्र झा ......................................................................................................................................१ पुनरावेदक

विरूद्ध

प्र.अ., श्री नेमधारी बासुदेव उ.मा.वि.मुडवलवा रौतहट ........................................................१ विपक्षी

सूचना अधिकारी, श्री नेमधारी बासुदेव उ.मा.वि.मुडवलवा रौतहट ..............................................१

विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।

रौतहट जिल्ला पचरुखी गा.वि.स.वडा नं. ८ हाल गौर न.पा. वडा नं.४ बस्ने वर्ष ४४ शैलेन्द्र झाले श्री नेमधारी बासुदेव उ.मा.वि.मुडवलवा रौतहट समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।११।३० मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिदैन ।

अतः पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी श्री नेमधारी बासुदेव उ.मा.वि.मुडवलवा रौतहटका प्रधान अध्यापक र सूचना अधिकारीको नाममा यो आदेश गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

तपसिल

१. श्री नेमधारी बासुदेव उ.मा.वि.मुडवलवको आ.व. २०७०/०७१ र २०७१/०७२ मा कुन कुन शीर्षकमा खर्च भएको योजनाको नाम र कुल खर्चको विवरण ।

२. श्री नेमधारी बासुदेव उ.मा.वि.मुडवलवको आ.व. २०७०/०७१ र २०७१/०७२ मा प्रशानिक खर्च कति हो, कुन कुन शीर्षकमा कति खर्च भएको विवरण ।

३. श्री नवराष्ट्र नागरिक उ.मा.वि. मडवलवको सिभिल इन्जिनियरिङ छात्रछात्राको लागि कुन कुन शुल्क निर्धारण गरिएको छ ।

४. श्री नवराष्ट्र नागरिक उ.मा.वि. मडवलवको सामुदायिक तर्फ कुन कुन शुल्क निर्धारण गरिएको, सो को विवरण ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बास्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७२ साल चैत्र ११ गते रोज ५ शुभम् ।